देवाही गोनाही नगरपालिका

# स्थानीय राजपत्र

देवाही गोनाही नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४, संख्या : १, मिति : २०७९/०५/०६

## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

२०७९ सालको ऐन नं. १

## देवाही गोनाही नगरपालिकाको विनियोजन ऐन, २०७९

(देवाही गोनाही नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ )

प्रमाणिकरण मिति : २०७९।०५।०६

प्रस्तावना : देवाही गोनाही नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम देवाही गोनाही नगर सभाले यो ऐन जारी गरेको छ।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१. **संक्षिप्तनामर प्रारम्भः** (१)यस ऐनको नाम " देवाही गोनाही नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

(क) "नगर सभा" भन्नाले देवाही गोनाही नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले देवाही गोनाही नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले देवाही गोनाही नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले देवाही गोनाही नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७९।८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०७९।८० को निमित्त देवाही गोनाही नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम र बैक मौज्दात समेत गरी जम्मा रकम **रु.४७,९९,६५,४५९।६७ ( सरचालिस करोड उनान्सय लाख पैसाठी हजार चार सय उन्नसाठी रुपैया सरसाठी पैसा मात्र )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७९।०८०को लागि देवाही गोनाही नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुगहुने देखि नआएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र वित्तीयव्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

३

प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सोशीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय

CamScanner

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | | नगर स्तरीय | १०,३०,७८,६७९।९२ | ९,७२,३५,०००। | २०,०३,१३,६७९।९२ |
| २ | | वडा स्तरीय | | ५,३०,००,०००। | ५,३०,००,०००। |
| ३ | | विषयगत शाखा स्तरीय (ससर्त) | १३,४४,००,०००। | ४,९७,००,०००। | १८,४१,००,०००। |
| ४ | | गतआ.व.२०७८।०७९ मा खर्च हुन नसकि फिर्ता गर्नु पर्ने रकम | ४,२५,५१,७७९।७५ | | ४,२५,५१,७७९।७५ |
| | | जम्मा | २८,००,३०,४५९।६७ | १९,९९,३५,०००। | ४७,९९,६५,४५९।६७ |

आज्ञाले,

मिकिन्द्र प्रसाद साह

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत